# स्थानीय राजपत्र

लम्कीचुहा नगरपालिकाबाट प्रकाशित

खण्डः ९ संख्याः ४ मितिः २०८२।०३।०८

भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

भागः १

## लम्कीचुहा नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) (पहिलो संसोधन) ऐन २०८२

लम्कीचुहा नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७९ मा रहेको न्यायिक समिति तथा मेलमिलाप सम्बन्धी व्यबस्थालाई स्पष्ट गरी छिटो छरितो न्याय सम्पादन गर्न तथा मेलमिलापकर्ता र समिति सम्बन्धी व्यवस्था लगायत अन्य सान्दर्भिक विषयहरुमा समसामयिक संशोधन थप गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरि लम्कीचुहा नगरपालिकाको मिति २०८२।०३।०५ गतेको नगरसभाले यो मापदण्ड बनाएको छ।

CamScanner

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "लम्कीचुहा नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) (पहिलो संसोधन) ऐन, २०८२" रहेको छ ।
(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. लम्कीचुहा नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७९ को परिच्छेद २ समितिको अधिकारमा दफा ७ पछि दफा ८ थप गरि अन्य दफा क्रमश कायम गर्ने: दफा ८ समितिको सेवा सुविधा : (१)** न्यायिक समितिको प्रत्येक बैठक बसे वाफत प्रति व्यक्ति कर सहित एक हजारका दरले प्रदान गरिनेछ।

(२) न्यायिक समितिमा आउने प्रत्यक्ष तथा अप्रत्यक्ष विवादहरुको समन्वय, सहजिकरण र पत्राचार गर्नाका लागी समितिका कर्मचारीहरुलाई संचार खर्च बाफत मासिक पाँच सय रुपैया प्रदान गरिनेछ।

**३.ऐन को परिच्छेद ३ को दफा १४ को उपदफा २ पछि (३) थप गर्ने** : दफा १४ को उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि न्यायिक समितिले आर्थिक अवस्था कमजोर भएको व्यक्तिका सन्दर्भमा निशुल्क विवाद दर्ता गर्न सकिनेछ ।

४. **ऐन को परिच्छेद ४ को दफा २० को उपदफा (१)मा थप गर्ने :** उपदफा १ मा उजुरी प्रशासकले दफा ९ बमोजिम बिवाद दर्ता भएपछि बढिमा दुई दिन भित्र प्रतिबादीका नाममा प्रचलित कानूनमा म्याद तोकिएको भए सोहि बमोजिम र नतोकिएको भए पन्ध्र दिनको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत पछि **वा समितिले खटाएको व्यक्ति** भन्ने शब्द थप गर्ने ।

५. **ऐन को परिच्छेद ४ को दफा २० को उपदफा (४)मा थप गर्ने:** उपदफा (१) बमोजिम प्राप्त भएको म्याद वडा कार्यालयले बढिमा तिन दिन भित्र तामेल गरी तामेलीको व्यहोरा खुलाई समितिमा पठाउनु पर्नेछ, सो म्याद तामेल सम्बन्धित वडा कार्यालयको कर्मचारी पछी **वा समितिले खटाएको व्यक्तिले गर्नेछ** भन्ने शब्द थप गर्ने ।

**६. ऐन को परिच्छेद ४ को दफा २० को उपदफा ५ पछी ६ थप गर्ने :**समितिले म्याद सुचनाका लागी खटाएको व्यक्तिलाई म्याद सुचना तामेली गरे वाफत मासिक एक हजार पाँच सय रुपैया दिईने छ।

**७. ऐन को परिच्छेद ८ को दफा ७२ पछी दफा ७३ थपी अन्य दफा लाई क्रमश कायम गर्ने :**

**७३ .मेलमिलापकर्ताहरुको सेवा सुविधा:** (१) मेलमिलापकर्ताहरुलाई विवाद समाधान गरे वाफत प्रति विवाद प्रतिव्यक्ति कर सहित एक हजार रुपैयाका दरले प्रदान गरिने छ।

२. मेलमिलाप केन्द्रका संयोजकलाई विवाद संयोजन तथा संचार,यातायात खर्च वाफत मासिक एक हजार रुपैया प्रदान गरिने छ।

३.वडा मेलमिलाप केन्द्रलाई आवश्यक तथा भैपरी आउने विविध खर्चहरु नगरपालिकाबाट प्रदान गरिने छ।

आज्ञाले
सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner